# राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति

## २०८०

नेपाल सरकार

## खानेपानी मन्त्रालय

सिंहदरवार, काठमाडौं

# विषयसूची


१. पृष्ठभूमि ........ १

२. क्षेत्रगत समीक्षा ........ १

३. समस्या, चुनौती र अवसर ........ २

  ३.१ समस्या ........ २

  ३.२ चुनौती ........ २

  ३.३ अवसर ........ ३

४. नीति निर्माणको आवश्यकता पहिचान ........ ३

५. नीतिगत मार्गदर्शन ........ ३

  ५.१. नीतिको मार्गदर्शक सिद्धान्त तथा आधारहरू ........ ३

  ५.२. दूरदृष्टि ........ ४

  ५.३. लक्ष्य ........ ४

  ५.४. उद्देश्य ........ ४

  ५.५. नीति ........ ४

  ५.६. रणनीति तथा कार्यनीति ........ ५

६. नीति कार्यान्वयन व्यवस्था ........ १८

  ६.१. नीति कार्यान्वयनको दृष्टिकोण ........ १८

  ६.२. नीति कार्यान्वयनको संस्थागत व्यवस्था ........ १९

  ६.३. वित्तीय स्रोत व्यवस्थापन ........ १९

  ६.४. कानूनी व्यवस्था ........ २०

  ६.५. जोखिम व्यवस्थापन ........ २०

  ६.६. नीति कार्यान्वयन योजना ........ २१

७. नीति अनुगमन, समीक्षा तथा पुनरावलोकन ........ २१

७.१. अनुगमन तथा मूल्याङ्कन व्यवस्था ........ २१

७.२. नीति समीक्षा तथा पुनरावलोकन ........ २२

८. नीति मार्गदर्शनका रूपमा रहने ........ २२

९. नीतिको व्याख्या ........ २२

१०. अपेक्षित परिणाम ........ २३

११. नीति खारेजी ........ २३

## १. पृष्ठभूमि

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र मानव विकास र जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार भएको एक महत्त्वपूर्ण क्षेत्र हो। नेपालको संविधानको धारा ३० को उपधारा (१) ले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र धारा ३५ को उपधारा (४) ले स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचलाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। सन् २०१० को जुलाइमा संयुक्त राष्ट्रसंघले खानेपानी तथा सरसफाइमा पहुँचलाई मानव अधिकारको रूपमा घोषणा गरिसकेको छ।

संयुक्त राष्ट्रसंघबाट खानेपानी तथा सरसफाइ दशक (१९८१ - १९९०) को घोषणापश्चात् विश्व भरी नै यस क्षेत्रको विकासले गति प्राप्त गर्दै आएकोमारे अनुरूप नेपालमा पनि जलस्रोत ऐन, २०४९; जलस्रोत नियमावली, २०५०; खानेपानी नियमावली, २०५५ तर्जुमा भई खानेपानी तथा सरसफाइ क्षेत्रको विकास तथा संरक्षणका प्रयासहरू भइरहेका छन्। खानेपानी र सरसफाइ क्षेत्रमा नीतिगत व्यवस्थाअन्तर्गत राष्ट्रिय सरसफाइ नीति, २०५०; खानेपानी आपूर्ति क्षेत्रगत नीति, २०५४ तर्जुमा भई कार्यान्वयन भएका छन्। संयुक्त राष्ट्रसंघबाट घोषित सहस्राब्दी विकास लक्ष्य (सन् २००१ - २०१५)अन्तर्गत प्रष्ट राष्ट्रिय लक्ष्य र सूचकहरू निर्धारण गरी, विकास साझेदारहरूलाई पनि यस क्षेत्रको विकासमा समावेश गराई क्षेत्रगत लक्ष्यहरू हासिल गर्न सक्नु एउटा कोसेढुङ्गाको रूपमा रह्यो। जलस्रोत रणनीति, २०५९ तथा नेपाल जलयोजना, २०६२अन्तर्गत खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय लक्ष्यहरूमा उल्लेख्य प्रगति भएका छन्। त्यस अवधिमा ग्रामीण खानेपानी तथा सरसफाइ नीति, २०६०; भौतिक योजना तथा निर्माण मन्त्रालयको सोचपत्र, २०६४; शहरी खानेपानी तथा सरसफाइ नीति, २०६६; सरसफाइ गुरुयोजना, २०६८; दिगो विकास लक्ष्य - अवस्था र मार्गचित्र (२०१६ - २०३०)जस्ता महत्त्वपूर्ण नीति तथा योजनाहरू तर्जुमा भई कार्यान्वयनमा रहेका छन्। खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको महत्त्वलाई हृदयङ्गम गर्दै दिगो विकास लक्ष्यअन्तर्गत "खानेपानी तथा सरसफाइमा सबैको पहुँचको सुनिश्चितता गर्ने" लक्ष्यको रूपमा लक्ष्य नं. ६ निर्धारण भएको छ। साथै, दिगो विकास लक्ष्यअन्तर्गतका अन्य सबै राष्ट्रिय लक्ष्यहरू सन् २०३० सम्ममा हासिल गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको प्रत्यक्ष एवम् अप्रत्यक्ष योगदान रहन्छ। विश्व व्यापी रूपमा फैलिएको COVID - १९ महामारीको रोकथाम तथा नियन्त्रणमासमेत खानेपानी, सरसफाइ तथा स्वच्छताको भूमिका भएकोले यसको महत्त्व थप प्रमाणित भएको छ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम सबै नागरिकको स्वच्छ खानेपानीमा पहुँच र स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक अधिकार सुनिश्चित गर्नका लागि संघ, प्रदेश र स्थानीय तहहरूबीच आपसी समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा कार्यक्षेत्रको बाँडफाँट गरी खानेपानी, सरसफाइ र स्वच्छताको विकासलाई व्यवस्थित र प्रभावकारी बनाउन यो नीतिगत व्यवस्था गरिएको छ।

## २. क्षेत्रगत समीक्षा

सन् १९९० मा आधारभूतस्तरको खानेपानी प्रणालीमा पहुँच पुगेको जनसङ्ख्या करबि ३७ प्रतिशत रहेकोमा २०२२ सम्म करिब ९४ प्रतिशत पुगिसकेको छ भने करिब २४ प्रतिशत जनसङ्ख्याको मध्यमस्तरको खानेपानी प्रणालीमा पहुँच पुगेको छ। सन् १९९० मा सरसफाइ क्षेत्रमा करिब ६ प्रतिशत

मात्र पहुँच भएकोमा सन् २०१९ मा सबै घरधुरीहरूमा चर्पी निर्माण भई नेपाल दक्षिण एसिया मै पहिलो खुला दिसा मुक्त घोषणा गर्न सफल भएकोमा खुला दिसा मुक्त अवस्थाको दिगोपना कायम राख्नु चुनौतीपूर्ण छ। देशको राजधानीलगायत अधिकांश प्रादेशिक राजधानी, महानगरपालिका, जिल्ला सदरमुकाम र नगरपालिकाहरूमा खानेपानीको उपलब्धताका आधारमा निश्चित समय तालिकाअनुसार मात्र सेवा उपलब्ध हुन सकेको छ। तथापि केही सीमित साना शहरहरूमा मध्यमस्तरको सेवा उपलब्ध भएको छ भने अधिकांश ग्रामीण क्षेत्रहरूमा आधारभूतस्तरको सेवामात्र उपलब्ध भएको छ।

मानव मलमूत्रसहितको फोहरपानी प्रशोधनको सुविधाबाट सन् २०२० सम्म करिब दुई प्रतिशत जनसङ्ख्या मात्र लाभान्वित हुन सकेका छन्। समुचित ढल व्यवस्थापनको अभावमा फोहरपानी र मानव मलमूत्रजन्य फोहोरलाई प्रशोधन बिना नै नदी-नाला वा सीमान्त जमिनमा विसर्जन गर्ने वर्तमान प्रवृत्तिले गर्दा सतही र भूमिगत पानीका स्रोतहरू प्रदूषित हुनुका साथै जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर परेको छ। यसलाई नीतिगत रूपमा सम्बोधन गर्न यस क्षेत्रको समुचित विकास, संरक्षण तथा लाभको न्यायोचित उपभोगको लागि संघ, प्रदेश र स्थानीय तहको स्पष्ट भूमिका सहित थप सक्रियता, समन्वय र सहकार्य हुन जरुरी छ।

## ३. समस्या, चुनौती र अवसर

### ३.१ समस्या

जलवायु परिवर्तनजस्ता प्राकृतिक तथा मानवजन्य कारणहरूले पानीका स्रोतहरूमा आएको ह्रास तथा संरचनाहरूको क्षतिजस्ता कारणहरूले पानीको उपलब्धतामा कमी हुनु तथा सेवा अवरुद्ध हुन गई खानेपानी तथा सरसफाइ सेवालाई अपेक्षाकृत सुरक्षित, भरपर्दो र दिगो बनाउन नसकिनु; उपलब्ध खानेपानी तथा सरसफाइ सेवा समन्यायिकरूपमा वितरण नहुनु; अव्यवस्थित शहरीकरण; मानव बस्तीको विस्तार र विकाससँगै सिर्जित फोहोरमैलाको उचित व्यवस्थापनको अभावमा नदीनाला, जलाशय तथा वातावरण प्रदूषित हुँदै जानु प्रमुख समस्याका रूपमा रहेका छन्। साथै, खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरूमा लागत साझेदारी र जनसहभागितामा एकरूपताको अभावमा कार्यान्वयन तहमा समस्या उत्पन्न हुनु, लागत सहभागिताअन्तर्गत अग्रिम नगद सङ्कलनमा कठिनाइ हुनु, सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ आयोजनाहरू विशेष गरी बहु-चरण पम्पिङ (Multi-Stage Pumping) प्रणालीहरूमा सञ्चालन खर्च उपभोक्ताले व्यहोर्न नसक्नु, तथा तीनै तहका सरकारबाट आयोजना तथा कार्यक्रमहरू सञ्चालन हुँदा कार्यान्वयनमा दोहोरोपना हुनु थप समस्याको रूपमा रहेका छन्।

### ३.२ चुनौती

स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति व्यवस्था गर्न ह्रास हुँदै गएका सतही र भूमिगत खानेपानीका स्रोतको जगेर्ना गर्नु, खानेपानी तथा सरसफाइका संरचनाहरूलाई जलवायु अनुकूल तथा बिपद् व्यवस्थापनमैत्री बनाउँदै लैजानु, बिपद् व्यवस्थापनलाई आन्तरिकीकरण गर्नु, अव्यवस्थित शहरीकरणका कारण खानेपानी तथा सरसफाइ सेवामा परेको चापलाई व्यवस्थित गर्नु, पर्याप्त लगानी जुटाउनु, उपयुक्त जनशक्तिको

व्यवस्थापन गर्नु, खानेपानी र सरसफाइ सेवा प्रवाहमा निजी क्षेत्रलाई आकर्षण गराउनु, परिवर्तित संस्थागत संरचनाको सन्दर्भमा खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थित विकासको लागि तीन तहमा क्षमता अभिवृद्धि गर्नु, शहर तथा बस्तीमा उपयुक्त आर्थिक तथा प्राविधिक उपायद्वारा मानव सिर्जित मलमूत्रलगायतका औद्योगिक र कृषिजन्य फोहोरपानीको सङ्कलन र प्रशोधन गरी उचित व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

### ३.३ अवसर

परिवर्तित सन्दर्भमा समुदायस्तरमा आयोजना पहिचान, तर्जुमा र कार्यान्वयनबाट उत्तरदायित्व वृद्धि हुने, जीवनशैलीमा आएको सुधारसँगै गुणस्तरयुक्त खानेपानी र सरसफाइ सेवाको बढ्दो माग, नदीनाला, तालतलैया तथा जलाशयलगायत अन्य वातावरणीय स्वच्छताका विषयमा जनचेतनामा आएको सकारात्मक अभिवृद्धि, सामुदायिक, गैरसरकारी तथा विकास साझेदारको सहयोग र सहभागिता, पर्यटकीय क्रियाकलापको अभिवृद्धि तथा पर्यटकहरूलाई आकर्षण गर्न सकिने, विदेशमासमेत खानेपानी निर्यात गर्न सकिने सम्भावना यस क्षेत्रका अवसरका रूपमा रहेका छन्।

## ४. नीति निर्माणको आवश्यकता पहिचान

संविधान प्रदत्त स्वच्छ खानेपानी सेवामा पहुँच तथा स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकको परिपूर्ति, संरक्षण, संवर्धन गरी दिगो रूपमा उपभोग गर्नका लागि दिशानिर्देश गर्न, विद्यमान ग्रामीण खानेपानी तथा सरसफाइ नीति र शहरी खानेपानी तथा सरसफाइ नीतिलाई एकीकृत गरी संघीय संरचना अनुकूल वृहत्तर राष्ट्रिय नीति निर्माण गर्न, यस क्षेत्रमा रहेका वर्तमान समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्न र भविष्यमा उत्पन्न हुनसक्ने समस्याहरूलाई न्यूनीकरण गर्न तथा उपलब्ध जलस्रोतको संरक्षण, बहुउद्देश्यीय उपयोगको प्रवर्धन गर्न सम्बन्धित निकायहरू तथा तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्यका लागि अधिकार तथा जिम्मेवारीको स्पष्ट व्यवस्थासहित खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दिगो विकासका लागि नीतिगत एकरूपता कायम गर्ने विषयमा दिशानिर्देश गर्न यो नीतिको आवश्यकता रहेको छ।

## ५. नीतिगत मार्गदर्शन

खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिलाई मार्गदर्शन गर्ने मुख्य दृष्टिकोणहरू देहायबमोजिम रहेका छन्।

### ५.१. नीतिको मार्गदर्शक सिद्धान्त तथा आधारहरू

(क) खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित मौलिक हकको सुनिश्चितता।

(ख) मानव अधिकार, लैङ्गिक समानता र सामाजिक न्यायको संरक्षण एवम् प्रवर्धनसहितको समन्यायिक सेवा प्रवाह।

(ग) नेपाल पक्षराष्ट्र भएका खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन।

(घ) सेवा नियमन, जवाफदेहिता, प्रभावकारी सेवाका आधारमा क्षेत्रगत सुशासनको प्राप्ति।

(ङ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन स्रोतको परिचालन तथा जनसहभागिता अभिवृद्धि।

(च) खानेपानी, सरसफाइ तथा स्वच्छताको विकासको लागि आन्तरिक तथा बाह्य पुँजी परिचालन।

(छ) सुरक्षित खानेपानी तथा सरसफाइ एवम् स्वच्छता सेवा सुविधामा समन्यायिक उपयोग र लाभको सुनिश्चितता।

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा अध्ययन तथा अनुसन्धानको प्रवर्धन तथा उपयुक्त प्रविधिको छनौट, उपयोग तथा विकास।

(झ) खानेपानी, सरसफाइ तथा स्वच्छताको विकासमा सूचना प्रविधिको अधिकतम उपयोग।

(ञ) प्राकृतिक साधन स्रोतको संरक्षण तथा संवर्धन गर्दै भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमको न्यूनीकरण र वातावरण संरक्षण।

(ट) समन्वय र सहकार्यमा आधारित जलस्रोतको बहुउपयोगी विकास।

## ५.२. दूरदृष्टि

सुनिश्चित, सुरक्षित र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवा एवम् स्वच्छता।

## ५.३. लक्ष्य

दिगो विकासको क्षेत्रगत लक्ष्य हासिल गर्दै वि.सं. २१०० सम्म सबैलाई सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने।

## ५.४. उद्देश्य

क) खानेपानी, सरसफाइ तथा स्वच्छताको लागि दिगो रूपमा स्रोतमा पानीको उपलब्धता सुनिश्चित गर्ने,

ख) सबैलाई सर्वसुलभ रूपमा पर्याप्त, सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा समन्यायिक पहुँच पुऱ्याउने,

ग) जल प्रदूषण नियन्त्रण र वातावरणीय सरसफाइ प्रवर्धन गर्ने,

घ) क्षेत्रगत सुशासन प्रवर्धन गर्ने,

ङ) क्षेत्रगत लक्ष्यहरू हासिल गर्न र सोको लागि उपयुक्त लगानी हुने वातावरण तयार गर्ने,

## ५.५. नीति

क) खानेपानीका स्रोतको संरक्षण र विकास गर्न सम्बन्धित सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गरी जिम्मेवार बनाईनेछ।

खानेपानी मन्त्रालय

ख) संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय र सहकार्यमार्फत खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको योजनाबद्ध विकास गरिनेछ। स्थानीय तहको नेतृत्वमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार गरी कार्यान्वयन गरिनेछ।

ग) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवामा जलवायु परिवर्तन तथा बिपद् जोखिम व्यवस्थापनको विषयलाई समाहित गरी सेवा उत्थानशीलता कायम गर्दै क्षेत्रगत क्षमताको सबलीकरण गरिनेछ।

घ) गुणात्मक सेवा अभिवृद्धिका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा अध्ययन, अनुसन्धान तथा क्षेत्रगत क्षमता विकास संस्थागत गरिनेछ।

ङ) फोहरमैला तथा फोहोरपानीद्वारा हुने प्रदूषणको न्यूनीकरण, रोकथाम र नियन्त्रणका लागि प्रभावकारी प्रणाली स्थापना गरिनेछ।

च) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवालाई जवाफदेही, पारदर्शी, उत्तरदायी, गुणस्तरीय, व्यवसायिक र उपभोक्तामुखी बनाउन सेवाको प्रभावकारी व्यवस्थापन तथा नियमन गरिनेछ।

छ) सामुहिक लाभको लागि खानेपानी तथा सरसफाइ प्रणालीहरूको विकास गर्न तीन वटै तहले आपसी समन्वयको आधारमा लगानी उपलब्ध गराउने गरी संयोजन गरिनेछ। समन्यायिक लागत असुलीलाई प्रवर्धन गर्दै प्रभावकारी सेवा सञ्चालन र मर्मत सम्भारका लागि सेवाप्रदायकलाई आत्मनिर्भर हुने वातावरण तयार गरिनेछ।

## ५.६. रणनीति तथा कार्यनीति

५.६.१. खानेपानीका स्रोतहरूको संरक्षण र विकासका कार्यलाई आयोजनाहरूको निर्माण र सञ्चालनसँग आबद्ध गरी आयोजनाको अभिन्न अङ्गको रूपमा सञ्चालन गरिनेछ।

**कार्यनीति**

क) स्रोतहरूको विकास, उपयोग, भौतिक संरक्षण र गुणस्तर सुधारसम्बन्धी कानूनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

ख) खानेपानीको स्रोत नक्साङ्कन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ र तथ्याङ्कलाई राष्ट्रिय सूचना व्यवस्थापन प्रणालीमा राखिनेछ।

ग) नियमित रूपमा स्रोतहरूको क्षमता मापन र गुणस्तर परीक्षण गरी तथ्याङ्क व्यवस्थापन गरिनेछ।

घ) स्थानीय तहमार्फत पानीको मात्रा र गुणस्तर संरक्षण गरिनेछ।

ङ) परम्परागत पोखरी, ढुङ्गेधारा र मूलहरूको संरक्षण गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

च) स्रोत वरिपरी हरियाली कायम गरिनेछ र स्रोत परिसरलाई प्रदूषणमुक्त बनाईनेछ।

५.६.२. खानेपानी आपूर्ति गर्न जलाधारहरूको पहिचान गरी यस्ता क्षेत्रहरूको विशेष संरक्षण र विकास गर्दै सम्भाव्य देखिएका स्थानहरूमा भूमिगत जलस्रोतको पुनर्भरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**कार्यनीति**

क) सतह र भूमिगत खानेपानीका स्रोतहरूलाई प्रभाव पार्ने मुहान क्षेत्रहरू परिभाषित गरिनेछ।

ख) सतह तथा भूमिगत स्रोतहरूमा प्रदूषण नियन्त्रणका लागि कानूनी व्यवस्थासहित प्रदूषण रोकथाम र नियन्त्रणका उपायहरूको कार्यान्वयन गरिनेछ।

ग) विशेषतः खानेपानीका लागि भूमिगत पानीको प्रयोग हुने शहरी तथा अर्ध शहरी क्षेत्रहरूमा भूमिगत पानीको उपयोग सम्बन्धमा कानूनी व्यवस्था तथा कार्यविधि बनाई कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ।

घ) खानेपानीको व्यवसायिक उपयोग, विकास र व्यवस्थापनका लागि अनुमति लिनुपर्ने व्यवस्थालाई प्रभावकारी रूपमा लागू गरिनेछ।

ङ) खानेपानीका स्रोतमा तेस्रो पक्षबाट हुने प्रतिकूल असर एवम् प्रदूषणका समस्याहरूलाई सम्बोधन गरी सेवाप्रदायकहरूको सहयोगका लागि कानूनी संयन्त्रको व्यवस्था मिलाइनेछ।

च) भूमिगत पानी पुनर्भरणका लागि पुनर्भरण पोखरीहरू (Recharge Pond) को निर्माण गरिनेछ।

छ) शहरी क्षेत्रहरूमा वर्षातको पानी सङ्कलन तथा पुनर्भरण गर्ने कार्यलाई भवन निर्माण संहितासँग आबद्ध गरिनेछ।

५.६.३. खानेपानीको बढ्दो माग आपूर्ति गर्न जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुनर्उपयोगलाई प्रोत्साहन र प्रवर्धन गर्न कार्यक्रमहरू समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ।

**कार्यनीति**

क) जलस्रोतको अन्य उपभोग प्रणालीबाट गार्हस्थ्य प्रयोगको लागि थप पानी प्राप्त गर्न सहकार्य गरिनेछ।

ख) ठूला जलाशययुक्त आयोजनाहरूबाट खानेपानीसमेत आपूर्ति हुने गरी कार्यान्वयनका लागि समन्वय गरिनेछ।

ग) जलाशययुक्त तथा ठूला नदीमा आधारित थोक वितरण प्रणालीका आयोजनाहरूबाट खानेपानी आपूर्ति गरिनेछ।

घ) वैकल्पिक उपायहरूको खोजी गरी वर्षातको पानी, सतही र भूमिगत पानीको संयोजनात्मक प्रयोग (Conjunctive Use) आदिबाट सेवा बिस्तार गरिनेछ।

ङ) पानीको किफायती र समुचित प्रयोगलाई प्रोत्साहन गर्न सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

च) पानीको महत्तम उपयोगलाई प्रवर्धन गर्ने गरी खानेपानीको महसुल निर्धारण गरिनेछ।

छ) पानीको चुहावट रोकथामसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

ज) पानीको पुनर्उपयोगलाई प्रवर्धन गरिनेछ।

खानेपानी मन्त्रालय

५.६.४. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको योजनाबद्ध विकास गर्न तीनवटै तहको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार गरिनेछ।

**कार्यनीति**

क) स्थानीय तहको नेतृत्वमा पालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरिनेछ।

ख) खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने पालिकाहरूलाई प्राविधिक तथा आर्थिक सहयोगमा प्राथमिकता दिइनेछ।

ग) प्रदेश सरकारले प्रदेशस्तरीय र नेपाल सरकारले राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने छ।

घ) खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाअनुसार खानेपानी सेवाबाट वञ्चित रहेका समुदायमा खानेपानी सेवाको पहुँचको लागि पहिलो प्राथमिकता दिइनेछ। साथै, उपलब्ध खानेपानी सेवालाई सबैमा समन्यायिक रूपमा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

ङ) खानेपानी तथा सरसफाइ आयोजना तर्जुमा गर्दा आयोजनाको लागत, प्रविधि र सेवा प्रवाह क्षेत्रसमेतको आधारमा निश्चित समयावधि तोकी सो अवधीभित्र अनिवार्य रूपमा आयोजना सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

५.६.५. पहिचान भएका मौजुदा आयोजनाहरूको प्राथमिकीकरण गरी सेवाको पुनर्स्थापना तथा सेवास्तर अभिवृद्धि गरिनेछ।

**कार्यनीति**

क) आधारभूतस्तरको खानेपानी सेवा प्रदान गर्ने बाहेकका आयोजना विकासका लागि मागमा आधारित पद्धति (Demand Driven) अनुसरण गरिनेछ।

ख) आयोजनाहरूलाई प्राथमिकीकरणको आधारमा छनौट तथा कार्यान्वयन गर्ने व्यवस्थालाई सोसम्बन्धी आधारहरू तय गरी क्रमशः सुदृढीकरण गर्दै लगिनेछ।

ग) आयोजना छनौट तथा कार्यान्वयन गर्ने व्यवस्थालाई प्राथमिकीकरणका लागि स्पष्ट आधारहरू तयार गरी सोअनुसार आयोजना छनौट तथा कार्यान्वयन गरिनेछ।

घ) सेवाको दिगोपन तथा स्तर अभिवृद्धि गर्न स्थानीय तहलाई प्राविधिक सहयोग गरिनेछ।

ङ) राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डबमोजिमको गुणस्तर कायम राख्ने पानी सुरक्षा योजना र सरसफाइ सुरक्षा योजनालगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

च) सुरक्षित खानेपानी सेवाको उपयोगसम्बन्धी चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

छ) स्थानीय तहमा पानी परीक्षण प्रयोगशाला स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

ज) पानी परीक्षण प्रयोगशालाको अभिलेखीकरण गरिनेछ।

झ) सबै खानेपानी आयोजनाहरूमाा पानी प्रशोधन प्रणाली अनिवार्य गरिनेछ।

ञ) पानी निर्मलीकरणका लागि आवश्यक प्रविधि विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

ट) टयाङ्कर, जार, बोतलबन्दीलगायत सबै किसिमको खानेपानीको वितरणमा गुणस्तर सुनिश्चित गर्न सम्बन्धित खानेपानी गुणस्तर मापदण्डलाई कडाइका साथ लागू गरिनेछ।

ठ) सामुदायिक खानेपानी प्रणालीहरूको नियमित मर्मत सम्भारको लागि स्थानीय तहमा मर्मत सम्भार कोषको स्थापना गरिनेछ।

ड) सेवाप्रदायक संस्थालाई सेवा सुधार, बिस्तार वा स्तरोन्नतिका लागि प्राविधिक, वित्तीय एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ।

ढ) आयोजनाको सम्पत्ति बिमालाई प्रोत्साहन गरिनेछ।

५.६.६. तीनै तहका सरकारको समन्वयात्मक प्रयासबाट सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

**कार्यनीति**

क) सरसफाइ तथा स्वच्छतासम्बन्धी राष्ट्रिय अभियान तथा पूर्ण सरसफाइका कार्यक्रम सञ्चालन गरिनेछ।

ख) स्थानीय तहको नेतृत्वमा खुला दिसा मुक्त अवस्थाको दिगोपना कायम गर्दै सरसफाइ र स्वच्छतासम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

ग) WASH Plan को अभिन्न अङ्ग हुने गरी पालिकाव्यापी समावेशी सरसफाइ योजना (Municipality Wide Inclusive Sanitation Plan) तयार गरी कार्यान्वयन गरिनेछ।

घ) भवन निर्माणको लागि स्वीकृति प्रदान गर्दा सरसफाइ र स्वच्छतासम्बन्धी संरचना समावेश गरिनेछ।

ङ) सरसफाइ र स्वच्छताको प्रवर्धन गर्न उत्कृष्ट योगदान गर्ने व्यक्ति संघ, संस्थाहरूलाई पुरस्कृत गरिनेछ।

च) स्थानीय तहको संस्थागत सबलीकरण तथा क्षमता अभिवृद्धि गरिनेछ।

छ) स्वास्थ्य संस्था, विद्यालय र सामुदायिक स्थानमा खानेपानी र शौचालयको सुनिश्चितता गरिनेछ।

ज) सार्वजनिक शौचालय वा एकीकृत व्यावसायिक सेवा केन्द्रहरूको विकासका लागि निजी क्षेत्रलाई आकर्षित गरिनेछ।

झ) सार्वजनिक तथा संस्थागत शौचालयहरू लैङ्गिक, बालबालिका, जेष्ठ नागरिक तथा शारीरिक रूपले असक्षम र फरक क्षमता भएका व्यक्तिहरूलेसमेत प्रयोग गर्न सक्ने गरी प्रयोगकर्तामैत्री बनाईनेछ।

५.६.७. संघ, प्रदेश र स्थानीय तहहरूमा प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनको प्रभाव र जोखिम व्यवस्थापनसम्बन्धी न्यूनीकरण र अनुकूलनका उपायहरूको कार्यान्वयन गर्न स्थानीय तह र समुदायको क्षमता विकास गरिनेछ।

**कार्यनीति**

क) तीनै तहमा जलवायु अनुकूलन र कन्टिन्जेन्सी योजना कार्यान्वयन गरिनेछ।

ख) जलवायु परिवर्तन, बिपद् प्रभावित आयोजनाहरूको यथाशीघ्र सेवा सुचारु गर्न जलवायु अनुकूलन तथा बिपद् व्यवस्थापन कोष स्थापना गरिनेछ।

ग) बिपद् जोखिम व्यवस्थापनको लागि सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ।

घ) बिपद् व्यवस्थापनको (पूर्व) सूचना प्रणालीमा सेवाप्रदायकलाई आबद्ध गर्नुका साथै सङ्कटापन्न अवस्थामा रहेकाहरूको उत्थानशिलता अभिवृद्धि गरिनेछ।

ङ) जलवायु परिवर्तन तथा बिपद् जोखिम व्यवस्थापनसम्बन्धी ज्ञानमूलक सामाग्रीहरू तयार गरी प्रचार प्रसार गरिनेछ।

च) नयाँ प्रविधिको प्रयोग गर्न समुदायहरूलाई प्रोत्साहन गरिनेछ।

५.६.८. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसँगसम्बन्धी भौतिक पूर्वाधारहरूमा हुने क्षतिको न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गरिनेछ।

**कार्यनीति**

क) पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री स्थानको छनौट गरिनेछ।

ख) पूर्वाधार निर्माण एवम् सञ्चालनमा वातावरणीय पक्षलाई आन्तरिकीकरण गरिनेछ।

ग) खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आयोजनाहरूको वातावरण संरक्षण ऐन तथा नियमावलीमा तोकिएबमोजिम वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन गरिनेछ।

घ) भौतिक संरचनाहरूको डिजाइन, निर्माण र सञ्चालन गर्न जलवायुमैत्री प्रविधिको प्रयोग गरिनेछ।

ङ) पानीको सञ्चिती, बहुउपयोग, पुनर्प्रयोग, किफायती प्रयोग, पुनर्भरण र चुहावट नियन्त्रण गर्ने विधिहरूको विकास र प्रवर्धन गरिनेछ।

च) समुदायमा आधारित जलाधार व्यवस्थापनको अभ्यासलाई प्रोत्साहन गरिनेछ।

५.६.९. खानेपानी तथा सरसफाइ क्षेत्रमा नवीनतम प्रविधी, प्रक्रिया र अभ्यासहरूको अनुसन्धान, खोज तथा विकास गरी सोको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

**कार्यनीति**

क) क्षेत्रगत क्षमता अभिवृद्धिको लागि अध्ययन अनुसन्धान गरिनेछ।

ख) उपयुक्त प्रविधि छनौट, उपयोग र विकासको लागि क्षेत्रगत क्षमता अभिवृद्धि गरिनेछ।

ग) खानेपानी तथा सरसफाइ प्रणाली र प्रशोधन केन्द्रहरूको प्रभावकारिता वृद्धि गर्न सूचना प्रविधिको प्रयोग गरिनेछ।

घ) अध्ययन, अनुसन्धान तथा खोज कार्यमा विश्वविद्यालय तथा विज्ञहरूलाई सहभागी गराइनेछ।

ङ) शैक्षिक संस्थाहरूका विद्यार्थीहरूका लागि खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी शोधमा प्रोत्साहन गर्न निश्चित अनुदानको व्यवस्था गरिनेछ।

च) विद्यालयलाई प्रतिकूल असर नपर्ने गरी विद्यालयहरूको खुल्ला जग्गा, स्थान, प्राङ्गणमा पानीपोखरी निर्माण गर्न प्राथमिकता दिइनेछ।

छ) अनुसन्धान, खोज तथा नमूना अभ्यासहरूलाई राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रमार्फत प्रशिक्षण तथा प्रवर्धन गरिनेछ।

ज) सेवाप्रदायकबिचको आपसी सिकाइ आदान प्रदानलाई प्रोत्साहन गरिनेछ।

५.६.१०. नदी-नाला, जलाशय, जलाधार तथा ताल-तलैयाहरूलाई, उपयोगका आधारमा प्रदूषणमुक्त तथा सामान्य प्राकृतिक स्वरूपमा कायम राख्न स्थानीय तहहरूको सहभागितामा योजनाहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**कार्यनीति**

क) डुबानको सम्भावना रहेका र अपेक्षाकृत बढी जनघनत्व भएका क्षेत्रमा भलपानी व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ख) कम जनघनत्व भएका स्थानहरूमा स्थलगत सरसफाइ सुविधा प्रवर्धन गरिनेछ।

ग) ढल प्रणालीमा आबद्ध नभएका शौचालयहरूबाट सङ्कलन हुने मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन गर्न प्रशोधन प्रणाली निर्माण गरिनेछ।

घ) सरसफाइ र वातावरणमा आधारित मूल्याङ्कन विधिहरूको विकास गरी उत्कृष्ट स्थानीय तहहरूलाई पुरस्कृत गरिनेछ।

ङ) एकीकृत फोहोर व्यवस्थापनका लागि अन्तरनिकाय समन्वय र साझेदारीलाई प्रोत्साहन गरिनेछ।

च) खानेपानी र फोहोरपानी व्यवस्थापन प्रणाली एकै सेवाप्रदायकमार्फत सञ्चालन हुने गरी प्रोत्साहन गरिनेछ।

५.६.११. एकीकृत फोहर व्यवस्थापनलाई प्रोत्साहन तथा प्रवर्धन गर्दै मापदण्डको परिपालना हुने गरी फोहोरपानी व्यवस्थापन गरिनेछ।

**कार्यनीति**

क) फोहोरपानी तथा मानव मलमूत्र व्यवस्थापनसम्बन्धी मापदण्डको कार्यान्वयन तथा मौजुदा मापदण्डलाई आवश्यकताअनुसार अद्यावधिक गरी लागू गरिनेछ।

ख) ढल प्रणालीबाट सङ्कलित फोहोरपानीलाई तोकिएको मापदण्ड र निर्देशिकाहरूबमोजिम व्यवस्थापन गर्न प्रशोधन केन्द्रहरूको निर्माण गरिनेछ।

ग) अस्पताल, उद्योग, व्यापारिक केन्द्र र वधशालाबाट निष्कासन हुने फोहोरपानी तोकिएको मापदण्डबमोजिम हुने गरी पूर्वप्रशोधन गरेर मात्र सार्वजनिक ढलमा जडान गरिने व्यवस्था मिलाइनेछ।

घ) एकीकृत भलपानी, ढल, मानव मलमूत्रजन्य फोहोर तथा ठोस फोहोरको व्यवस्थापनका लागि दिर्घकालीन गुरुयोजना बनाई लागू गरिनेछ।

ङ) प्रदूषणको मापन र अनुगमन गर्न प्रयोगशाला तथा पूर्वाधारको निर्माण गरिनेछ।

५.६.१२. फोहोरपानीको उत्सर्जन कम गर्ने र फोहोरपानीलाई स्रोतको रूपमा व्यवस्थापन गरी लाभ प्राप्त गर्ने उपायहरूको अवलम्बन गरिनेछ।

**कार्यनीति**

क) प्रशोधित फोहोरपानीलाई सिँचाइ, नगर सौन्दर्यीकरण, औद्योगिक प्रयोग, आगलागी नियन्त्रणजस्ता आर्थिक र सामाजिक लाभ प्राप्त गर्ने विषयसँग आबद्ध गरिनेछ।

ख) फोहोरपानीको नियन्त्रित पुनः प्रयोगसम्बन्धी चेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

ग) पानी खपत कम गर्ने र पुनःप्रयोग गर्नेसम्बन्धी प्रविधि र सामग्रीहरूको बिक्री वितरण र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

घ) उद्योग, कलकारखाना तथा अस्पतालबाट निस्कने फोहोरमैला स्रोतमै वर्गीकरण गरी समुचित व्यवस्थापन तथा उत्सर्जित फोहोरपानीको परिसरभित्र अनिवार्यरूपमा प्रशोधन गरिनेछ।

ङ) शून्य वा न्यूनतम फोहोरमैला वा फोहोरपानी उत्सर्जन गर्ने उद्योगहरूलाई प्रोत्साहन गरिनेछ।

च) मानव मलमूत्रजन्य फोहोर, ठोस फोहोर पदार्थ तथा फोहोरपानीबाट ग्यास, ऊर्जा, मल र अन्य लाभकारी वस्तुहरूको उत्पादन गर्ने प्रविधि प्रवर्धन गरिनेछ र सोको लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

छ) निजी क्षेत्रको सहभागितामा सञ्चालन हुने मानव मलमूत्रजन्य फोहोर, ठोस फोहोर पदार्थ र फोहोरपानीबाट ग्यास, ऊर्जा, मल र अन्य लाभकारी वस्तुहरूको उत्पादन गर्ने कार्यमा उपयोग हुने प्रविधि तथा उपकरणमा सहुलियत दिन सकिनेछ।

५.६.१३. सेवा प्रवाहमा व्यवसायिकता अभिवृद्धि गर्न संस्थागत सबलीकरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**कार्यनीति**

क) सेवा स्तरहरूको मापन निर्धारित मापदण्डअनुसार गरिनेछ।

ख) सेवाप्रदायकले प्रदान गरेको सेवाको नियमित अनुगमन गरी निरन्तर सुधार गरिनेछ।

ग) सेवाप्रदायकलाई कार्यसम्पादन मूल्याङ्कनका आधारमा क्षमता अभिवृद्धि गरिनेछ।

घ) खानेपानी तथा सरसफाइ प्रणालीहरूको वर्गीकरण गरी आयोजनाको प्रकृति अनुरूपका सञ्चालन मापदण्डहरू लागू गरिनेछ।

ङ) सेवा प्रवाहमा सार्वजनिक निजी क्षेत्र साझेदारी, स्थानीय बोर्ड वा कम्पनी वा सहकारीको उपयुक्त मोडेलको विकास गरिनेछ।

च)	सेवाप्रदायकहरूलाई एकीकरण (Merger) गर्न प्रोत्साहन गरिनेछ। आयोजनाहरूको सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारमा प्राविधिक सेवा पुऱ्याउनको लागि सेवा केन्द्र (Service Support Center) को स्थापना गर्न सहजीकरण गरिनेछ।

छ)	सेवा प्रवाहमा संलग्न जनशक्तिहरूको पेसागत स्वास्थ्य सुरक्षालाई प्रवर्धन गरिनेछ।

५.६.१४. खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको विकास सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहमा क्षेत्रगत संस्थाहरूलाई पारदर्शी र जवाफदेही बनाईनेछ।

**कार्यनीति**

क)	क्षेत्रगत सरोकारवालाहरूलाई पारदर्शितामा सुधार र जवाफदेहिताका उपायहरू अवलम्बन गर्न प्रोत्साहित गरिनेछ।

ख)	गुनासो व्यवस्थापन प्रणालीलाई सेवाप्रदायकको कार्यसम्पादन मूल्याङ्कनको सूचकमा समावेश गरिनेछ।

ग)	जवाफदेहिताको रूपमा “नागरिक प्रतिवेदन कार्ड” तथा पारदर्शिता वृद्धि गर्न “सामाजिक परीक्षण” को विधि अनुसरण गर्न प्रोत्साहित गरिनेछ।

घ)	पारदर्शिता र जवाफदेहिताको लागि सञ्चार क्षेत्रसँग सहकार्य गरिनेछ।

ङ)	एकल नीति, एकल योजना, एकल अनुगमन खाका र एकल कार्यसम्पादन पद्दतिको अनुसरण गरी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

च)	राष्ट्रिय क्षेत्रगत विकास योजनामा आधारित भई अन्तरतह, अन्तरनिकाय तथा सरोकारवालाहरूसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

छ)	स्थानीय तहको संस्थागत संरचनामा खानेपानी, सरसफाइ तथा स्वच्छता एकाइ समावेश गरिनेछ।

ज)	पालिकाको क्षेत्रगत सुशासन विश्लेषण राष्ट्रिय सूचना व्यवस्थापन प्रणालीमार्फत गरिनेछ।

झ)	क्षेत्रगत सुशासन अभिवृद्धिको लागि सातै प्रदेशमा सुशासन सहयोग केन्द्रको स्थापना गरिनेछ।

ञ)	खानेपानी तथा ढल व्यवस्थापन विभागलाई क्रमशः नियामक निकायको रूपमासमेत विकास गरिनेछ।

ट)	प्रभावकारी सेवा प्रवाह तथा दिगोपनाको लागि स्थानीय तहलाई सहजीकरण तथा प्राविधिक सहयोग गरिनेछ।

ठ)	तीनै तहमा गुनासो व्यवस्थापन एकाइ गठन गरिनेछ।

५.६.१५. क्षेत्रगत सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्दै मौलिक हकको सुनिश्चितता, सेवा सञ्चालन र व्यवस्थापन गर्न प्रभावकारी नियमनको व्यवस्था गरिनेछ।

**कार्यनीति**

क)	खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको कार्यसम्पादन अनुगमन र मूल्याङ्कनका लागि खानेपानी मन्त्रालयले सूचकहरू निर्धारण गर्नेछ।

ख) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको नियमन निर्धारित कार्यसम्पादन सूचकहरू (Key Performance Indicators) का आधारमा गरिनेछ।

ग) खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी एकीकृत क्षेत्रगत सूचना प्रणाली "NWASH-MIS" को विकास गरी तथ्याङ्क व्यवस्थापन तीनै तहको सहकार्यमा गरिनेछ।

घ) NWASH-MIS को प्रभावकारी प्रयोगको लागि संस्थागत, मानव संसाधन विकासलगायतका कार्यक्रम सञ्चालन गरी सेवाप्रदायकलाई सो प्रणालीमा आबद्ध हुन अभिप्रेरित र सहजीकरण गरिनेछ।

ङ) नदीनाला, जलाशय, जलाधारहरूको स्वरूप, बहाव तथा प्रदूषणको नियमित मापन र अनुगमन गरी अभिलेखीकरण गरिनेछ।

च) अन्तर क्षेत्रगत तथ्याङ्क आदान प्रदानको व्यवस्था मिलाइनेछ।

छ) क्षेत्रगत सूचना प्रणाली (NWASH-MIS) लाई निर्णय गर्न सहयोगी प्रणाली (Decision Support System) का रूपमा विकास, विस्तार र प्रयोग गर्दै लगिनेछ।

५.६.१६. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका योजना तर्जुमा, कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयनका साथै सेवाको उपयोगमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्त अवलम्बन गरिनेछ।

**कार्यनीति**

क) आर्थिक रूपले विपन्न तथा वञ्चितिमा परेका समुदायहरूको क्षमता विकास गरी निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गराइनेछ।

ख) दिगो, प्रभावकारी एवम् जवाफदेही सेवाका लागि समावेशीतालाई प्रोत्साहन गरिनेछ।

ग) खानेपानी प्रणालीका सेवा क्षेत्रभित्र अनौपचारिक बसोवास गर्ने जनसङ्ख्यालाई आधारभूतस्तरको सेवाबाट वञ्चित गरिनेछैन।

घ) विपन्न वर्गको पहिचान तथा नक्साङ्कन गरी स्थानीय तहको सहभागितामा प्रतिफलमा आधारित लक्षित अनुदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५.६.१७. संघीय संरचनाअनुसार खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा संलग्न निकायमा कार्यरत जनशक्ति, सरोकारवालाहरू तथा सेवाप्रदायकहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**कार्यनीति**

क) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा नयाँ प्रविधिको अध्ययन, अनुसन्धान तथा विकासलगायत क्षेत्रगत क्षमता विकासका लागि राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रलाई सुदृढीकरण गरिनेछ।

ख) खानेपानी तथा सरसफाइ सेवामा संलग्न प्राविधिक जनशक्तिको सूची तयार गरी क्षमता अभिवृद्धि गरिनेछ।

ग) स्थानीय तह, सेवाप्रदायक तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

घ) स्थानीय तहमार्फत सेवाप्रदायकलाई क्षमता अभिवृद्धिसम्बन्धी प्राविधिक र वित्तीय सहयोग गर्ने व्यवस्था मिलाइनेछ।

५.६.१८. नीतिको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहको भूमिकाको संयोजन, व्यवस्थापन र प्रवर्धन गर्दै लगिनेछ।

**कार्यनीति**

क) क्षेत्रगत विकासलाई दिगो, भरपर्दो र सर्वसुलभ बनाउँदै संविधानको मर्म अनुरूप तीनै तहको भूमिकालाई समयानुकूल रूपमा परिभाषित गरी सुदृढ तथा स्पष्ट बनाउँदै लगिनेछ।

ख) कम जनसङ्ख्या भएका भौगोलिक रूपमा विकट बस्तीहरू तथा लक्षित वर्ग/ समुदायको आवश्यकताको आधारमा उपयुक्त प्रविधिको प्रयोग गरी सेवा उपलब्ध गराउन प्राथमिकता दिइनेछ।

ग) संघ, प्रदेश र स्थानीय तहबीच अन्तर तह समन्वयका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू गठन गरी आवश्यकताअनुसार परिमार्जन गरिनेछ।

घ) संघीयस्तरमा सञ्चालन गर्ने कार्यक्रमहरूको कार्यान्वयन गर्न र प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, सञ्चालन तथा अनुगमन कार्यहरूमा प्रदेश तथा स्थानीय तहलाई सहजीकरण र नियमनमा सहयोग पुऱ्याउन आवश्यकताअनुसार विभागअन्तर्गत संघीय कार्यालयहरूको व्यवस्था गरिनेछ।

ङ) खानेपानी तथा ढल व्यवस्थापन विभागको मौजुदा संरचना र भूमिकामा परिमार्जन गरी केन्द्रीयस्तरमा योजना, वित्तीय परिचालन, वैदेशिक समन्वय, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन, क्षेत्रगत अनुसन्धान, प्रदेश तथा स्थानीय तहको क्षमता विकास, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा विश्लेषण, मापदण्ड निर्धारण, नियमन, सहजीकरणलगायत राष्ट्रिय कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धित मन्त्रालयको सक्षम सहयोगी निकायको रूपमा विकास गरिनेछ।

च) काठमाण्डौं उपत्यकाका बागमती र सहायक नदीहरूको सरसफाइ र स्वच्छता कायम गर्दै बागमती सभ्यताको जगेर्ना एवम् नदी सौन्दर्यकरणसम्बन्धी कार्यक्रम तीनै तहको समन्वयमा गरिनेछ।

छ) ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्त्वका ताल, तलैया तथा खानेपानीका स्रोतहरूको संरक्षण एवम् सौन्दर्यीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

ज) प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमहरू प्रदेश र स्थानीय तहले आ-आफ्नो नीति, कानुन तथा कार्यक्रममा समावेश गर्ने गरी संयोजन गरिनेछ।

५.६.१९. खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाबाट प्राप्त हुने प्रतिफलबाट अधिकतम लाभ प्राप्त गर्न अन्तर क्षेत्रगत (Inter-Sectoral) कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**कार्यनीति**

क) खानेपानी गुणस्तरको निगरानी (सर्भिलेन्स) का लागि तेस्रो पक्ष सम्बद्ध भई गरिने कार्यहरू स्वास्थ्य मन्त्रालयअन्तर्गतका निकायहरू वा नेपाल सरकारले तोकेको अन्य स्वतन्त्र निकायबाट गरिनेछ।

ख) सेवालाई प्रभावकारी बनाउन शिक्षा, स्वास्थ्य, जलस्रोत, सिँचाइ, वन तथा वातावरणजस्ता निकायहरूसँग समन्वयात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

५.६.२०. आधारभूतस्तरको खानेपानी सेवा उपलब्ध गराउन वित्तीय जनसहभागिता अनिवार्य गरिने छैन। स्थानीय तहले कार्यविधि तयार गरी खानेपानी तथा सरसफाइ प्रणालीको सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

**कार्यनीति**

क) आयोजना क्षेत्रको भौगोलिक अवस्थिति, आर्थिक सामाजिक अवस्थाको आधारमा उपभोक्ता वर्ग र स्थानीय तहको साझेदारीमा लागत अनुमानको ०.५% देखि १% रकम मर्मत सम्भार कोषमा जम्मा गर्ने गरी सेवाप्रदायकले उक्त कोषमा खानेपानी महसुलको निश्चित प्रतिशत रकम जम्मा गर्ने व्यवस्था मिलाइनेछ।

ख) आयोजनाहरूको सञ्चालन तथा मर्मत सम्भारको सम्पूर्ण लागत उपभोक्ता संस्था वा स्थानीय तहले तोकेको सेवाप्रदायक संस्थाबाट बेहोरिनेछ।

ग) सेवा/ प्रणाली सञ्चालन खर्चका लागि सामान्यतया अनुदान उपलब्ध नगराइने, तर विशिष्ट परिस्थितिमा लक्षित अनुदान उपलब्ध गराउनुपर्ने भएमा कार्यविधि तयार गरी प्रदान गरिनेछ।

घ) घर आँगन वा सार्वजनिक संस्था परिसर भित्रको (Onsite Sanitation) सरसफाइसम्बन्धी संरचना सञ्चालनको लागि सम्बन्धित घरधुरी तथा संस्थालाई जिम्मेवार बनाईनेछ।

ङ) सार्वजनिक शौचालय निर्माण तथा सञ्चालनका लागि निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ।

च) सम्भाव्यता अध्ययनका आधारमा आवश्यक स्थानहरूमा दिगो सञ्चालनको सुनिश्चितता गरी सार्वजनिक शौचालयको निर्माणमा अनुदान उपलब्ध गराउन सकिनेछ।

५.६.२१. सेवास्तर सुधार गर्ने प्रकृतिका खानेपानी तथा सरसफाइ आयोजनाहरू कार्यान्वयनको लागि लाभग्राही समुदाय वा सेवाप्रदायक वा प्रदेश सरकार/ स्थानीय तहले आयोजना निर्माणमा नगद योगदान/ साझेदारीमा गर्नु पर्नेछ।

**कार्यनीति**

क) आयोजनाको कुल लागतको अनुपातमा नगद योगदान उपभोक्ता संस्था र सेवाप्रदायकहरूको क्षमताका आधारमा फरक फरक हुन सक्नेछ।

ख) भौगोलिक अवस्थिति, आर्थिक, सामाजिक अवस्था तथा प्रविधिका आधारमा स्थानीय समुदायबाट कुल लागतको बढीमा ५% नगद सहभागिता हुने गरी सम्बन्धित प्रदेश सरकार, स्थानीय तह र अन्य स्रोतबाट लागत साझेदारीमा आयोजना कार्यान्वयन गर्न सकिनेछ।

ग) स्थानीय तहले कार्यविधि तयार गरी खानेपानी तथा सरसफाइ प्रणालीहरूको मर्मत सम्भार र सेवा सञ्चालनको व्यवस्थापन गर्नेछ।

५.६.२२. क्षेत्रगत वित्तीय दिगोपना सुनिश्चित गर्न तथा सेवाप्रदायकको कार्यसम्पादन स्तर सुधार गर्न लागत साझेदारीको अवधारणालाई प्रोत्साहन गर्दै लागत उठतीको सिद्धान्त अनुरूप कार्यक्रम विकास, सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

**कार्यनीति**

क) आयोजनाको कुल लागत र नगद योगदानको अनुपातका आधारमा आयोजना प्राथमिकीकरण गरिनेछ।

ख) सेवाप्रदायक वा स्थानीय तहले आफ्नो स्रोतबाट व्यहोर्ने गरी लागत साझेदारी गर्न सक्नेछ।

ग) मागको आधारमा सेवाप्रदायक/ स्थानीय तहलाई बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ।

घ) जीवनचक्र मूल्य (Life Cycle Cost) को आधारमा खानेपानी तथा सरसफाइ सेवाको महसुलमार्फत आयोजना क्षेत्रको भौगोलिक अवस्थिति, आर्थिक, सामाजिक अवस्थाको आधारमा निम्न सिद्धान्तलाई मध्यनजर गरी लागत उठाउने प्रारूप तयार गर्न सकिनेछ।

- उपभोक्ता/ स्थानीय तहले थप लागत सहभागिता स्वरूप ऋण लिएको भए ऋणको पुनः भुक्तानीको शतप्रतिशत रकम,
- सञ्चालन र मर्मत सम्भार लागतको शतप्रतिशत रकम,
- आंशिक रूपमा प्रणाली विकास र विस्तारको लागि आवश्यक पर्ने रकम।

ङ) निर्माण चरणमा उपभोक्ताको लागत साझेदारी नहुने आयोजनाहरूको निर्माण, पुनः निर्माण, सेवास्तर सुधार र विस्तार गर्न वित्तीय लगानीमार्फत ऋण उपलब्ध गराउन सकिनेछ। यस्तो ऋण लगानी आयोजनाको जीवनचक्र मूल्यको आधारमा लागत उठतीको सिद्धान्तमा आधारित गरिनेछ।

च) आयोजनाको विकास, सञ्चालन र मर्मत सम्भारमा उपभोक्ताको आर्थिक बोझ घटाउनेतर्फ ध्यान दिइनेछ।

छ) ढल प्रणालीको सञ्चालन र मर्मत सम्भार खर्च महसुलमार्फत व्यहोर्ने व्यवस्था गरिनेछ।

५.६.२३. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा विद्यमान लगानीको अभावलाई परिपूर्ति गर्न निजी तथा वैदेशिक क्षेत्रको सहभागिता र सार्वजनिक सामुदायिक निजी साझेदारीलाई प्रोत्साहन गरिनेछ।

**कार्यनीति**

क) प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहन गरिनेछ।

ख) लगानीको आवश्यकता र वित्तीय स्रोतको उपलब्धताका आधारमा आयोजनाहरूमा न्यून सम्भाव्यता परिपूरक कोष (Viability Gap Funding) का लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रारूप तयार गरिनेछ।

ग) सेवाप्रदायक संस्थाहरूसमेतको शेयर लगानी हुने गरी खानेपानी, सरसफाइ तथा स्वच्छता वित्तीय सहकारी संस्था (WASH Cooperative) तथा वित्तीय संस्था स्थापना तथा सञ्चालनका लागि कार्यविधि तयार गरिनेछ।

घ) बैंकिङ्ग सेवा तथा अन्य वित्तीय उपकरणहरूमार्फत सेवाप्रदायक संस्थाको वित्तीय सञ्जालमा पहुँच बढाइनेछ।

ङ) आन्तरिक तथा बाह्य निजी क्षेत्रको लगानी आकर्षित गर्न मार्गदर्शन तथा संरक्षणसम्बन्धी कानूनी आधार, लागत असुली कार्यविधि तयार गरिनेछ।

च) थोक वितरण तथा जलाशययुक्त खानेपानी सम्बन्धमा सार्वजनिक-निजी साझेदारीका लागि आन्तरिक तथा बाह्य निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

छ) ढल प्रणाली र प्रशोधन केन्द्र निर्माणका लागि अन्तर तह लागत साझेदारीको सिद्धान्त अबलम्बन गरिनेछ।

ज) खानेपानी निर्यात गर्न सकिने सम्भावनाको अध्ययन गरी निर्यातलाई प्रोत्साहान तथा प्रवर्धन गरिनेछ।

५.६.२४. विकास साझेदार संस्थाहरूबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा थप लगानी तथा सहयोग प्राप्त गर्न समन्वय एवम् सहजीकरण गरिनेछ।

**कार्यनीति**

क) विकास साझेदारहरूले उपलब्ध गराउने अनुदान तथा ऋण सहयोगलाई Sector Wide Approach (SWAp) अवधारणा अनुरूप प्राथमिकीकरण गरी परिचालन गरिनेछ।

ख) वैदेशिक सहयोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट सञ्चालन गरिने कार्यक्रमहरू राष्ट्रिय प्राथमिकता र लक्ष्यसँग आबद्ध गरी सञ्चालन गर्नेतर्फ संयोजन र समन्वयका लागि आवश्यक संयन्त्रको विकास गरिनेछ।

## ६. नीति कार्यान्वयन व्यवस्था

### ६.१. नीति कार्यान्वयनको दृष्टिकोण

क) यस नीतिलाई क्षेत्रगत मार्गदर्शन वा छाता नीतिका रूपमा उपयोग गरिनेछ।

ख) यस नीतिको कार्यान्वयनका लागि बहुपक्षीय अवधारणा र दृष्टिकोण अवलम्बन गरिनेछ। यसमा रणनीतिक तरिकाले कार्यान्वयन गर्ने, संरचनागत सक्षमता हासिल गर्ने, पद्धतिगत उपयुक्तता सुनिश्चित गर्ने तथा मनोव्यवहारगत क्षमता विकास एवम् व्यापक सहकार्य र साझेदारीको दृष्टिकोण अवलम्बन गरिनेछ।

ग) यस नीतिलाई परिवर्तन र सुधारको मार्गचित्र, आवश्यक सक्षमता, कार्यान्वयनका तरिका, समस्याको पहिचान र समाधानका उपयुक्त उपाय आदि संयोजित रूपमा अङ्गीकार गरिनेछ।

घ) यस नीतिले अपेक्षा गरेअनुसारको उपलब्धि र नतिजा हासिल गर्न संघ, प्रदेश तथा स्थानीय तहबीच राजनीतिक क्षमता र इच्छाशक्तिबीच उचित संयोजन र समन्वय गरिनेछ।

ङ) नीतिमा उल्लिखित रणनीति, कार्यनीति र सोअन्तर्गत कार्यान्वयन गरिने कार्यक्रम र क्रियाकलापका लागि बिना वित्तीय प्रावधानका प्रतिबद्धता (Unfunded Commitment) को समस्यालाई उचित रूपमा सम्बोधन गर्ने गरी सबै सम्बन्धित क्षेत्रगत मन्त्रालयले प्राथमिकता दिई बजेटको व्यवस्था गरिनेछ।

च) नीतिको प्रभावकारिताका लागि देहायबमोजिमको दृष्टिकोण अवलम्बन गरिनेछः

- तीनै तहको व्यवस्थापकीय र विकास पद्धतिमा उपयुक्त मूलप्रवाहीकरण, सबल र अनुकूल वातावरणको निर्माण, सक्षम कार्यान्वयन व्यवस्था, प्रभावकारी अनुगमन र मूल्याङ्कनका साथै सरोकारवालाको अर्थपूर्ण सहकार्य र साझेदारीको क्षमतासहित सुनिश्चितता हासिल गरिनेछ।
- नीति कार्यान्वयनका लागि सबल र अनुकूल वातावरणको निर्माणका लागि राजनीतिक स्वामित्व, समर्थन र सहयोगका साथै सरोकारवाला सबैको उद्देश्यपरक र सकारात्मक सहभागिता हासिल गरिनेछ। यसका लागि शिक्षा, सूचना र सञ्चार कार्यनीति र कार्ययोजनाको उपयोग गरी नीतिप्रतिको सचेतना र सकारात्मकताका लागि अधिवाचन र पैरवीको अभियान सञ्चालन गरिनेछ।
- नीतिको सक्षम कार्यान्वयनअन्तर्गत कार्यान्वयन योजना निर्माण तथा कार्यक्रमको प्राथमिकीकरण, पर्याप्त र उपयुक्त कानूनी व्यवस्था, समर्पित र सक्षम संस्थागत व्यवस्था, कार्यसम्पादनमा आधारित व्यवस्थापन पद्धतिको सञ्चालनका साथै संरचनागत तथा मनोव्यवहारगत समन्वय र सामञ्जस्यताको विश्वसनीय प्रणाली लागू गरिनेछ।

छ) नीतिलाई गतिशील बनाउन नीतिको बहुपक्षीय सहभागितामा आधारित एवम् तथ्य प्रमाणको उपयोग गरी स्वतन्त्र रूपमा प्रभावकारिता मूल्याङ्कन गर्ने र सोसमेतका आधारमा नीतिमा निरन्तर सुधार र परिमार्जन गर्दै लगिनेछ।

ज)	नीतिको दिगो कार्यान्वयनका लागि तीनै तहमा संस्थागत क्षमता विकास, तथ्यमा आधारित प्रणाली, बहुपक्षीय सहकार्य र साझेदारी, समुदायमा आधारित स ंगठनको परिचालन तथा सरोकारवालाको सहभागितामा जोड दिइनेछ।

झ)	नीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने व्यवस्थाका साथै तीनै तहका सरकारका जिम्मेवार निकायले योजना, कार्यक्रम र बजेटमार्फत आन्तरिकीकरण गरी मूलप्रवाहीकरण गर्नेछन्। साथै तीनै तहले नीति कार्यान्वयनका लागि आ-आफ्नो संस्थागत संयन्त्रको निर्माणका साथै कार्यप्रणालीको स्थापना गरी क्रियाशील तुल्याउनेछन्।

## ६.२. नीति कार्यान्वयनको संस्थागत व्यवस्था

क)	राष्ट्रिय सरसफाइ तथा स्वच्छता अभियानको नेतृत्व गरी अभियानलाई तिव्रता दिन, तीनै तहमा सहजीकरण तथा आवश्यक मार्गनिर्देशन गर्न प्रधानमन्त्रीको नेतृत्वमा बिभिन्न मन्त्रालय तथा प्रदेशहरुको प्रतिनिधित्व हुने गरी एक राष्ट्रिय सरसफाइ तथा स्वच्छता निर्देशक समिति रहनेछ।

ख)	नीतिको कार्यान्वयन र लक्षित नतिजाहरूको समग्र अनुगमन, सहजीकरण तथा आवश्यक मार्गनिर्देशन गर्न एक राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निर्देशक समिति रहनेछ।

ग)	नीतिको कार्यान्वयनका लागि संघीय तहमा मन्त्रालय, विभाग, आयोग, कार्यालय, आयोजना र समिति रहनेछन्।

घ)	संघीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता हेर्ने मन्त्रालयले क्षेत्रगत कार्यहरूको संयोजन, सहजीकरण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र नियमन गर्नेछ।

ङ)	प्रदेशस्तरमा क्षेत्रगत मन्त्रालयअन्तर्गत निर्देशनालय, महाशाखा तथा विषयगत कार्यालयहरू रहनेछन्।

च)	स्थानीय तहमा खानेपानी व्यवस्थापन बोर्ड तथा खानेपानी, सरसफाइ तथा स्वच्छता एकाइ गठन गरी सम्पर्क विन्दुको व्यवस्था गरिनेछ।

छ)	सेवाप्रदायकको रूपमा खानेपानी व्यवस्थापन बोर्ड, नेपाल खानेपानी संस्थान, उपभोक्ता संस्था र सार्वजनिक/ निजी कम्पनीहरू रहनेछन्।

ज)	नीतिको कार्यान्वयन, अनुगमन तथा आवश्यक सहजीकरण गर्न आवश्यकताअनुसार संघ, प्रदेश र स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछन्। समन्वय समितिको संरचना तथा काम, कर्तव्य र अधिकार संघीयस्तरमा मन्त्रालयले, प्रदेशस्तरमा विषयगत मन्त्रालयले र स्थानीयस्तरमा सम्बन्धित स्थानीय तहले तोकेअनुसार हुनेछ।

## ६.३. वित्तीय स्रोत व्यवस्थापन

क)	नीति कार्यान्वयन गर्न थप राष्ट्रिय स्रोतहरूको परिचालन गरी नेपाल सरकारको आन्तरिक वित्तीय स्रोत र द्विपक्षीय, बहुपक्षीय तथा अन्तराष्ट्रिय वित्तीय स्रोतमा पहुँच बढाइ वैदेशिक सहायता न्यायोचित रूपमा परिचालन गरिनेछ। संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई प्रदान हुने

निःशर्त तथा ससर्त अनुदान, प्रदेश तथा स्थानीय तहको आन्तरिक वित्तीय स्रोतलगायत अन्य स्रोतहरूको पहिचान गरी परिचालन गरिनेछ। सेवा सञ्चालन तथा मर्मत सम्भार खर्च उपभोक्ता वर्गबाट व्यहोरिनेछ।

ख) नीतिमा उल्लिखित सम्बन्धित तहको अधिकार क्षेत्रभित्र पर्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहले आवश्यक बजेट व्यवस्थापन गर्नेछन्। नीति कार्यान्वयनको लागि सम्बन्धित उपभोक्ता, समुदाय, निजी क्षेत्र र सहकारीको योगदानलाई प्रोत्साहित गर्दै विकास साझेदारहरूसँग समन्वय र सहकार्य गरिनेछ।

### ६.४. कानूनी व्यवस्था

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहहरूको भूमिका, अन्तर-सम्बन्ध, अधिकार, दायित्व र जवाफदेहिताबीच सामन्जस्यता तथा प्रष्टता निरन्तर अभिवृद्धि गर्नेतर्फ समयानुकूल सुधारका कार्यहरूलाई प्राथमिकतासाथ कार्यान्वयन गरिनेछ।

### ६.५. जोखिम व्यवस्थापन

क) नीति कार्यान्वयनमा आइपर्ने जोखिमको समयमै पहिचान गर्न सक्ने, जोखिम व्यवस्थापनका लागि योजना गर्न सक्ने, पहिचान गरिएका जोखिमको व्यवस्थापन गर्नका लागि आवश्यक विधि पद्धतिको विकास तथा सोको लागि क्षमता हासिल गर्ने व्यवस्था गरिनेछ ।

ख) सम्भाव्य जोखिमका क्षेत्रः

- तीनै तहका विभिन्न निकायहरूबीचको समन्वय तथा सहकार्यमा मात्र नीतिले राखेका उद्देश्यहरू हासिल हुने भएकाले यस्तो कार्यपद्धति अपनाई विकास निर्माण कार्य सञ्चालन गर्नु।
- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको एकीकृत र सन्तुलित रूपमा विकास र संरक्षण गर्न ठूलो साधनको आवश्यक पर्ने र यसका लागि पर्याप्त सार्वजनिक बजेट विनियोजन र वैदेशिक सहयोग तथा लगानीसमेत परिचालन गर्नु।
- क्षेत्रगत विकास र उपयोगसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय तथा निकायमा आवश्यक पर्ने संस्थागत संरचना, क्षमता र जनशक्ति विकास तथा उनीहरूको सेवाको निरन्तरता।

ग) जोखिम न्यूनीकरणका उपायहरू

- तीनै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य तथा सहजीकरणका लागि सक्षम संयन्त्रको व्यवस्था गरिनुका साथै क्षेत्रगत विकास उपयोग, व्यवस्थापन, नियमन र संरक्षणका लागि संघ, प्रदेश र स्थानीय तहबीच जिम्मेवारी तथा कार्यक्षेत्र निर्धारण गरिनेछ।

- एकीकृत रूपमा क्षेत्रगत विकास र संरक्षण गर्न आवश्यक पर्ने स्रोत साधन तथा लगानी संघ, प्रदेश र स्थानीय तहको प्राथमिकता हुनेछ। साथै, सम्भाव्य वैदेशिक स्रोतकोसमेत अधिकतम परिचालन गरिनेछ।
- क्षेत्रगत विकास र उपयोगसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकायमा आवश्यक पर्ने संस्थागत क्षमता सुदृढ गर्नुका साथै जनशक्तिको क्षमता विकास गरिनेछ। जलस्रोत एवम् खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा भएका अध्ययन, अनुसन्धान तथा विषय विज्ञहरूको विवरण अध्यावधिक गरी नीतिको कार्यान्वयन गर्न सहयोग लिइनेछ।

### ६.६. नीति कार्यान्वयन योजना

क) दिगो विकास लक्ष्यमा उल्लिखित क्षेत्रगत लक्ष्य हासिल गर्नका लागि नेपाल सरकारले तयार गरेको कार्यान्वयन रणनीति र योजनासँग सामञ्जस्य कायम हुने गरी यो नीति कार्यान्वयन गरिनेछ।

ख) नीतिको कार्यान्वयनका लागि प्राथमिकताका कार्यसूची, जिम्मेवार निकाय, समयबद्ध लक्ष्य, अनुगमनका सूचकसहितको कार्यान्वयन योजना तर्जुमा गरिनेछ।

ग) नीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय साधनको विनियोजन र उपयोगलाई वस्तुपरक र कार्यक्रम तथा क्रियाकलापमा आधारित तुल्याउन लागत निर्धारण कार्यढाँचा निर्माण गरी उपयोग गरिनेछ।

## ७. नीति अनुगमन, समीक्षा तथा पुनरावलोकन

नीति कार्यान्वयनको नतिजाको गुणस्तर सुनिश्चितताका लागि अनुगमन र समीक्षा प्रणालीलाई प्रभावकारी बनाईनेछ। यसअन्तर्गत कार्यसम्पादनसम्बन्धी व्यवस्थापन सूचना प्रणालीको उपयोग, कार्यसम्पादनको समीक्षा गर्ने पद्धति, कार्यान्वयनमा आइपर्ने समस्याको समयमै पहिचान गर्ने र समाधान गर्ने पद्धति निर्माणका साथै सुपरिवेक्षण पद्धतिका आधारमा कार्यान्वयनमा निरन्तर सुधार गर्दै जाने पद्धतिलाई क्रियाशील तुल्याइनेछ। त्यसैगरी कार्यसम्पादन र नतिजाप्रतिको जवाफदेहिता स्पष्ट पारिनुका साथै नीति कार्यान्वयनसँग सम्बन्धित प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ।

### ७.१. अनुगमन तथा मूल्याङ्कन व्यवस्था

क) नीति कार्यान्वयनको लागि संघीय तहमा अनुगमन र मूल्याङ्कनको व्यवस्था खानेपानी मन्त्रालयले गर्नेछ। वार्षिक रूपमा खानेपानी मन्त्रालयले क्षेत्रगत एकीकृत प्रतिवेदन प्रकाशन गर्नेछ।

ख) नीतिको कार्यान्वयन स्थिति, सान्दर्भिकता, प्रभावकारिता तथा सम्भाव्य प्रभावको मूल्याङ्कन राष्ट्रिय योजना आयोगमार्फत सोझै वा तेस्रो पक्षको संलग्नतामा गराइनेछ।

ग) प्रदेश तहको अनुगमन र मूल्याङ्कनको व्यवस्था सम्बन्धित विषयगत मन्त्रालयले गर्नेछ।

घ) स्थानीय तहमा यस नीतिसँग सम्बन्धित कार्यक्रमको कार्यान्वयनको प्रभावकारिताको अनुगमन र मूल्याङ्कन सम्बन्धित स्थानीय तहले गर्नेछ।

ङ) तीनै तहमा आवधिक तथा वार्षिक योजना र कार्यक्रमसँगै अनुगमन र मूल्याङ्कनको कार्ययोजनासमेत तर्जुमा गरिनेछ। अनुगमन र मूल्याङ्कन कार्यका लागि आवश्यक पर्ने साधन स्रोतको व्यवस्था सम्बन्धित तहको वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरिनेछ।

च) राष्ट्रिय योजना आयोगले तर्जुमा गरी प्रयोगमा ल्याएको नतिजामा अनुगमन तथा मूल्याङ्कन ढाँचाको आधारमा NWASH-MIS प्रणालीलाई आवश्यक परिमार्जन गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सहज र नियमित बनाईनेछ।

छ) नीतिको अनुगमन र मूल्याङ्कन कार्यमा सरोकारवालाको सहभागिता सुनिश्चित गराइनेछ।

ज) नीति कार्यान्वयनको पाँच वर्षपश्चात् स्वतन्त्र रूपमा नीतिको परीक्षण गराइनेछ र सोबाट प्राप्त पृष्ठपोषण र सुझावलाई नीति कार्यान्वयनको सुधारको आधारका रूपमा आत्मसात गरिनेछ।

अनुगमन र मूल्याङ्कन कार्यलाई तथ्य र प्रमाण एवम् नतिजामा आधारित तुल्याउन तीनै तहमा नीतिसँग सम्बन्धित लैङ्गिक तथा सामाजिक रूपले खण्डित स्थिति स्पष्ट देखिने गरी सूचना प्रणाली व्यवस्थित गरिनेछ र सम्बन्धित तहको विद्यमान अनुगमन तथा मूल्याङ्कन निर्देशिका तथा प्रक्रियामा संयोजन गरिनेछ। खानेपानी मन्त्रालयले क्षेत्रगत सूचना र तथ्याङ्कलाई प्रदेश तथा स्थानीय तहसँग सामञ्जस्य कायम गर्ने गरी विद्यमान एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवश्यक परिमार्जन तथा सुदृढीकरण गर्नेछ।

### ७.२. नीति समीक्षा तथा पुनरावलोकन

नीति कार्यान्वयन भएको ५ वर्षपछि समीक्षा गरी पुनरावलोकन गरिनेछ। नीति समीक्षा गर्दा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका लागि निर्धारित सूचकाङ्कहरू, बजेको उपलब्धता, अन्तरतह तथा अन्तरनिकायबीचको समन्वयका साथै नीति कार्यान्वयनबाट जनस्वास्थ्य तथा वातावरणमा परेको प्रभावलाई आधारको रूपमा लिइनेछ।

## ८. नीति मार्गदर्शनका रूपमा रहने

यो नीति प्रदेश तथा स्थानीय तहका लागि मार्गदर्शनका रूपमा रहनेछ। आफ्नो सामाजिक, आर्थिक, सांस्कृतिक तथा व्यवस्थापकीय स्थितिको आकलन गरी नीतिगत अनुकूलन (Customization and Configuration) गर्न सक्नेछन्।

## ९. नीतिको व्याख्या

नीति कार्यान्वयनको सन्दर्भमा कुनै द्विविधा वा बाधा अड्काउ परेमा त्यसको व्याख्या खानेपानी मन्त्रालयले गर्नेछ।

## १०. अपेक्षित परिणाम

दिगो विकासको क्षेत्रगत लक्ष्य हासिल भई वि.सं. २१०० सम्म सबैमा सुरक्षित र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाको उपलब्धता एवम् स्वच्छता सुनिश्चित हुनेछ।

## ११. नीति खारेजी

ग्रामीण खानेपानी तथा सरसफाइ नीति, २०६० र शहरी खानेपानी तथा सरसफाइ नीति, २०६६ खारेज गरिएका छन्।

खानेपानी मन्त्रालय